# शिक्षक निर्देशिका

# हाम्रो मैथिली भाषा र स्थानिय पहिचान

## कक्षा १



# किन स्थानिय पाठ्यक्रम र पाठयपुस्तकको निर्माण ?

प्रत्येक समुदायलाई आफनो समुदायको आर्थिक भौतिक सामाजिक प्राकृतिक तथा साँस्कृतिक परिवेशमा सहभागी हुदै त्यसको जगेर्ना र विकास गर्न पाउने अधिकार नेपालको संविधान (२०७२) ले मौलिक हकको रुपमा व्यवस्था गरेको छ। संविधानको व्यवस्था अनुरुप परिमार्जित राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ र स्थानिय पाठयक्रम निर्देशिका २०७६ ले आधारभूत तह सम्म स्थानिय पाठयक्रम लागु गरि सिकाइ क्रियकलाप संचालन गर्न निर्देश गरे अनुरुप यो स्थानिय पाठयक्रम तथा पाठयपुस्तक तयार गरिएको छ। आधारभुत तहको शिक्षाले विद्यार्थीको ज्ञान, सिप र सक्षमताको विकास गर्ने गरी विद्यार्थी मैत्री र सर्वाङ्गिन विकास गर्ने लक्ष्य राष्टियृ पाठ्यक्रमले राखेको छ। राष्ट्रिय उद्देश्यहरुसँग मेल खाने गरी स्थानिय पाठ्यक्रमका उद्देश्यहरु तयार गरिएको छ। स्थानिय पाठ्यक्रमका उद्देश्य हरुको प्राप्ती हुने गरी यो पाठ्यपुस्तक तयार पारिएको हो।

यही सन्दर्भमा बोदे बरसाईन नगरपालिकाले पनि ‘राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७५,२०७६’ र ‘स्थानीय पाठ्यक्रम निर्देशिका-२०७६’ का मूल मान्यतालाई आत्मसाथ गर्दै हाम्रो स्थानिय भाषा तथा पहिचान नामक पाठ्यक्रम तयार गरी

आधारभुत तह (कक्षा १ देखि ८) का पाठ्यपुस्तक लेखनको दायित्वलाई पुरा गरिरहेको छ । यस क्रममा स्थानीय पाठ्यक्रमका आर्दशहरुलाई पछ्याउँदै स्थानीय आवश्यकता र रुचीलाई ध्यानमा राखी यो पाठ्य्क्रम र पाठ्यपुस्तक निर्माण गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप आधारर्भत तह (कक्षा १ देखि ३) मा मातृ भाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघण्टा १६० कायम गरिको छ । यसै गरि आधारर्भत तह (कक्षा ४ देखि ५) को हकमा पाठ्यभार ४ र पाठ्यघण्टा १२८ र कक्षा ६-८ मा थप एक जडिबुटी पाठ समावेश गरि पाठ्यभार ४ र पाठ्यघण्टा १२८ तोकि स्थानिय मैथिलि भाषामा पठनपाठन हुने गरि संयोजन गरिएको छ ।

पाठ्यक्रम र पाठ्यपुस्तक निमार्ण तथा लेखनका क्रममा विभिन्न चरणका गोष्ठी, छलफल, अन्तरक्रिया र अनुसन्धान मार्फत स्थानीय स्तरका आवश्यकता र पाठ्यक्रममा समेटनुपर्ने विषय सन्दर्भहरुका बारेमा अवधारणा निर्माण गरिएको छ । स्थानीय सीप, क्षमता, कला पेसा, व्यवसाय, स्थानीय सम्पदा, स्थानीय पहिचानलाई पाठ्यक्रममा समेटेर विद्यार्थीका ज्ञान, सीप र अभिवृत्तिलाई उजागर गर्ने प्रयास पाठ्यक्रममा गरिएको छ । बोदेबरसाईन के हो? भन्ने कुरालाई प्रत्येकले आफनो पहिचान देख्ने र सबैले अपनत्व महसुस गर्ने ढंगले बनाइएको यो पाठ्यक्रम र

त्यसैको परिधिभित्र रहेर तयार गरिएको पाठ्यपुस्तकले नयाँ पिंढीलाई आफनो मौलिकपनको खोजी गर्न प्रेरित गर्नुका साथै यसले स्थानीय अभ्यासहरु, ज्ञान, सीपहरु, र पेशाहरुका विशेषताहरुलाई विश्वव्यापी बनाई परम्परागत पेशाहरुको व्यवसायीकरण तर्फ पनि सहयृाग गर्ने विश्वास लिएका छौं । आफनै परिवेशका विषयवस्तु र यहींका आकर्षक तस्विरहरुले पक्कै पनि आफु जन्मेको माटो चिन्न र यही माटोमा केही गरौं भन्ने भावना विद्यार्थीहरुमा जगाउन पाठ्यपुस्तक प्रेरक हुनेछ, भन्ने विश्वास पनि लिएका छौं ।

स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको ऐतिहासिक महत्व छ, किन भने स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र वहाँहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन गर्नु हो । यो पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका सन्दर्भमा नगरपालिका नगरप्रमुख श्री आतेश कुमार सिंह, नगरउपप्रमुख श्री रेणु कुमारी साह, नगरपालिकाका निमित्त प्रमूख प्रशासकिय अधिकृत श्री घनश्याम यादव, र शिक्षा शाखा प्रमूख श्री रामसागर यादवको सकारात्मक पहल सहित सम्पुर्ण जनप्रतिनिधि, राजनैतिक व्यक्तित्व, कर्मचारीहरु, पाठ्यक्रम विज्ञ, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, लेखक, स्थानीय सरोकारवाला लगायत सबै बोदे बरसाईन नगरपालिकाबासीको अमुल्य

सुभफाव र सहयोग प्राप्त भएको छ र वहाँहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। यसको प्रकाशनमा सहयोग र सहजीकरण गर्ने संस्था पेद्वियट एजुकेसन फाउण्डेशन ललितपुर नेपाल र यसका अध्यक्ष श्री दुर्गा बहादुर वली क्षेत्री र पाठ्यपुस्तक निर्माणमा सहयोग गर्नु भएका विज्ञ श्री ओमकान्त पण्डित प्रति नगरपपालिका हार्दिृक आभार व्यक्त गर्दछ । पाठय्पुस्तकको मैथिलि भाषा सम्पादनको जिम्मेवारी निर्वाह गर्नुहुने श्री महेश कुमार साह र  स्थानिय रुपमा संयोजन गर्नुहुने श्री श्रीलाल यादव प्रति आभारी छौं ।

अन्त्यमा, हमर स्थानीय पहिचान नामक यस स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको पूर्ण सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्न चाहन्छौं । निर्माणका क्रममा जस्तै यसको अर्थपुर्ण कार्यान्वयनका सन्दर्भमा पनि सबै पक्षको उत्तिकै सहयोग र सदभाव रहने आशा एवम विश्वास व्यक्त गर्दछौं ।

बोदेबरसाईन नगरपालिका

सप्तरी मधेश प्रदेश

प्रकाशकः बोदे बरसाईन नगरपालिका, सप्तरी मदेश प्रदेश

सहजीकरणः प्याट्रिएट एजुकेशन फाउण्डेसन प्रा.लि., ललितपुर नेपाल (Patriot Education Foundation PVT. LTD.)

सर्वाधिकार : प्रकाशकमा

प्रकाशनः पहिलो संस्करण, वि.सं. २०८०

पाठ्य्क्म सम्पादन : दिनेश सञ्जेल

पाठ्यपुस्तक लेखन तथा सम्पादन : दुर्गा बहादुर वली क्षेत्री

डिजाइनः सम्पुर्ण प्रेस प्रा.लि., लगनखेल ललितपुर

चित्रांकन : पुरुषोत्तम राज कपाली र अजय देसार

मैथिली भाषा सम्पादकः महेश कुमार साह, राजविराज सप्तरी

मुद्रणः.........................................................

बोदे बरसाईन नगरपालिका, सप्तरीद्धारा

## विशेषताहरु

- नेपालको संविधान २०७२ ले निदिष्ट गरेको स्थानिय भाषा र आफनो पहिचान जोगाउने मौलिक हक स्थापित गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम केन्द्रको स्थानिय पाठ्यक्रममा आधारित
- बालबालिकाको सर्वाङ्गिण पक्षहरु शारिरीक, मानसिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा भाषिक पक्षको विकासमा आधारित
- विद्यार्थी केन्द्रित विधि र क्रियाकलापहरु समावेश
- तिरहुता लिपीमा निर्माण भएको देवनागरिक मैथिली भाषाका स्थानिय रुपमा बोलिने लवज र शब्दहरुलाई समावेश गरि क्रमिक सिकाई सिद्धान्तमा आधारित
- बाल मनोविज्ञानमा आधारित विषमवस्तु र चित्रहरुको संजोजन भएको
- अनुभव केन्द्रित, अभ्यास केन्द्रित र सिर्जना केन्द्रित रंगिन पाठ्यपुस्तक
- विद्यार्थीहरुलाई परियोजना कार्य, स्थलगत भ्रमण, सम्पदा र प्रविधिको प्रत्यक्ष अवलोकनमा आधारित
- सिकाईमा डिजिटल पद्धतिको प्रयोग